## सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः६ मितिः २०८१/०१/२८

## भाग-२

# शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि-२०८१

**प्रस्तावनाः** श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र र श्री शिक्षा विकास तथा समन्वय इकाइले स्थानिय तहगत र विद्यालयगत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षक दरबन्दी तथा राहत अनुदान कोटालाइ शिक्षा ऐन २०२८ को दफा ११ को उपदफा ५च बमोजिमको दरबन्दी मिलान गर्न यस सुनिलस्मृति गाउँपालिकाको शिक्षक दरबन्दी तथा व्यवस्थापन कार्यसमिति गठन गरी उक्त कार्यसमितिले तयार गरेको कार्यविधिका

आधारमा आफ्नो तहको लागि यकिन भएको शिक्षक दरबन्दी मिलान, व्यवस्थापन तथा विद्यालय समायोजन गर्ने भनी भएको निर्णयलाइ प्रकृयागत रुपमा सरल सहज र पारदर्शी ढङ्गबाट कार्यान्वयन गर्न तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर प्रवर्धन गर्न वाञ्छनिय भएकोले नेपाल संविधान २०७२ को धारा ५७ को उपधारा ४, स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११,(२)ज को बुदा नं ११ र सुनिलस्मृति गाउँपालिका शिक्षा नियमावली २०७५ को नियम १०१ ले दिएको अधिकार प्रयोग गरी यस सुनिलस्मृति गाउँपालिकाले यो शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि २०८१ बनाइ लागू गरेको छ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम “शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि -२०८१” रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भइ स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "ऐन" भन्नाले शिक्षा ऐन (संशोधन सहित) २०२८ सम्झनुपर्छ।

ख. "इकाइ"भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ,रोल्पा सम्झनुपर्छ।

ग. "कार्यसमिति" भन्नाले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि गठित समिति सम्झनुपर्छ।

घ. "केन्द्र" भन्नाले शिक्षा तथा मानवस्रोत विकास केन्द्र सम्झनुपर्छ।

ङ. "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ।

च. "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले सुनिलस्मृति गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ।

छ. "माध्यमिक तह" भन्नाले कक्षा ९-१० वा कक्षा ९-१२ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ।

ज. "वालविकास शिक्षक" भन्नाले यस सुनिलस्मृति गाउँपालिकाबाट नियमित अनुदान पाउने वालविकास केन्द्रको शिक्षक सम्झनुपर्छ।

झ. "विद्यालय व्यवस्थापन समिति" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

ञ. "विद्यालय सहयोगी" भन्नाले यस सुनिलस्मृति गाउँपालिकाबाट नियमित अनुदान पाउने विद्यालय सहयोगी सम्झनुपर्छ।

ट. "शिक्षक अभिभावक संघ" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ।

ठ. "सम्बन्धित निकाय" भन्नाले विद्यालय, सुनिलस्मृति गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ रोल्पा,प्रदेश शिक्षा निर्देशनालय,लुम्बिनि प्रदेश,शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षासँग सम्बन्धित संघीय तथा प्रदेश मन्त्रालयलाई प्रसंग अनुसार सम्झनुपर्छ।

## परिच्छेद-२

## शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी व्यवस्था

**३.** शिक्षक दरबन्दी मिलान देहायका आधारमा गरिनेछ।

क. शिक्षा नियमावली २०५९ तथा सुनिलस्मृति गाउँपालिकाको शिक्षा नियमावली २०७५ मा भएको ब्यवस्था र अनुसूचीमा उल्लेखित शैक्षिक सत्र २०८० को शैक्षिक तथ्यांकको आधारमा गाउँपालिकामा भएको मौजुदा दरवन्दी अवस्थालाइ शिक्षक विद्यार्थी अनुपात मिलाउदा हुने आवश्यकतालाइ आधार लिने।

ख. शिक्षक दरबन्दी मिलान तथा समायोजन गर्दा साविकमा रहेको प्राथमिकतह कक्षा १ देखि ५ सम्म निम्न माध्यमिक तह कक्षा ६ देखि ८ सम्म र माध्यमिक तह कक्षा ९ देखी १० तथा साविक उच्च माध्यमिक तह समेतलाइ आधारका रुपमा लिने ।

ग. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा नेपाल सरकारले विद्यालयलाइ उपलब्ध गराएको स्वीकृत दरबन्दी,राहत दरबन्दी,शिक्षण सिकाइ अनुदान लगायत स्थानीय तहको अनुदान शिक्षकलाइ समेत गणना गर्ने ।

घ. प्राथमिक तहको दरबन्दी बचत भएको र निम्न माध्यमिक तथा माध्यमिक तहको दरबन्दी अपुग भएकाले आवश्यक संख्यामा दरबन्दी स्वीकृत हुन नसक्दासम्म नपुग हुने दरबन्दी हाल प्राथमिक तहमा बढी हुन आउने दरबन्दी बाट नै पूर्ति गर्ने ।

ङ. कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दी एकमुष्ठ गणना गरी दरबन्दी मिलान गर्ने ।

च. दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा सामाजिक न्याय समानुपातिक वितरण भौगोलिक

विषमतालाइ ध्यान दिदै गुणस्तरीय शिक्षा प्रवर्द्धनमा जोड दिन विद्यालयमा बढी भएको दरबन्दी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा मिलान तथा पुनर्वितरण गर्ने ।

छ. विद्यालयको विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या बढी भएको अवस्थामा कुनै कारणबाट दरबन्दी रिक्त हुन आएमा दरबन्दी मिलान कार्य सम्पन्न नभएसम्म त्यस्ता विद्यालयले रिक्त दरबन्दीमा नियुक्ति तथा सरुवा नगर्ने ।

ज. यस अघि दरबन्दी मिलान वा विद्यालय तथा कक्षा समायोजन भएको भएमा यसै कार्यविधिअनुसार भएको मानिने छ ।

**४. दरबन्दी मिलानका आधारहरु**

क. कक्षा १-३ संचालित विद्यालयमा कम्तिमा २ जना शिक्षक र ९० जना भन्दा माथि प्रति शिक्षक ४५ जनामा ४० प्रतिशत(६३ जना) सम्म भएमा १ जना शिक्षक थप गर्ने ।

तर २० जना भन्दा कम विद्यार्थी भएमा भौगोलिक अवस्था अनुसार अवस्था विश्लेषण गरि गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय भए

बमोजिम नजिकैको पायक पर्ने विद्यालयमा समायोजन गर्न सकिने छ।

ख. कक्षा १-५ संचालित विद्यालयमा कम्तिमा ३ जना शिक्षक र १३५ जना भन्दा वढिको लागि प्रति ६३ विद्यार्थी वरावर १ जना शिक्षक थप गर्ने।

तर ३० जना भन्दा कम विद्यार्थी भएमा भौगोलिक अवस्था अनुसार अवस्था विश्लेषण गरि गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय भए बमोजिम नजिकैको पायक पर्ने विद्यालयमा कक्षा वा विद्यालय समायोजन गर्न सकिने छ।

ग. कक्षा(६-८),(९-१०) र (९ -१२) तहको लागि शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूचि-१२ अनुसार रहने व्यवस्था गर्ने।

तर प्रति शिक्षक ४५ जनाभन्दा वढि विद्यार्थी हुन गएमा प्रति ६३ जना विद्यार्थी सम्म १ जना शिक्षक थप गर्ने।

घ. उपदफा क र ख बमोजिम विद्यालय वा कक्षा समायोजन हुने भएमा वालविकास केन्द्रलाइ यथास्थानमा राखि समायोजन हुने विद्यालयको दरवन्दीलाइ उपदफा क,ख र ग को मापदण्ड अनुसार हुने भएमा यथासम्भव समायोजन भएको विद्यालयमै समायोजन गर्ने व्यवस्था मिलाउने।

ङ. दरबन्दी मिलान पश्चात कुनै पनि विद्यालयको दरबन्दी कट्टा गर्नु पर्ने भएमा तपसिल अनुसार गर्ने ।

१. सम्बन्धित विद्यालयमा खाली रहेको गापा अनुदान, राहतकोटा र करार कोटा
२. सम्बन्धित विद्यालयबाट जान चाहने शिक्षकको निवेदन अनुसार आवश्यक छानविन गरि गाउँपालिकाको निर्णय अनुसार
३. विद्यालयको आवश्यकताको आधारमा विव्यसले निर्णय गरी पठाएको
४. माथिको आधारमा नभए नियुक्ति मितिको हिसावले कनिष्ठ क्रमशः गापा अनुदान शिक्षक, करार, राहत, अस्थायी र स्थायी ।

च. दरबन्दि मिलान पश्चात कुनै पनि विद्यालयमा दरवन्दि थप गर्नुपर्ने भएमा तपसिल अनुसार गर्ने ।

१. सबैभन्दा बढि विद्यार्थी संख्या रहेको तर शिक्षक संख्या न्युन रहेको विद्यालय ।
२. यथासम्भव आवश्यकतानुसार शिक्षकलाइ पायक पर्ने नजिकैको विद्यालय
३. माथिल्लो तह संचालित विद्यालय ।
४. कुनै तहको नयाँ अनुमति लिएको भए उक्त तहको उपल्लो कक्षाको लागि

कम्तिमा १ शैक्षिक सत्र पूरा गरेको विद्यालय।

## परिच्छेद ३

### ५. दरबन्दि पुनर्वितरण, शिक्षक व्यवस्थापन तथा विद्यालय समायोजनमा गाउँपालिकाको भूमिका

क. दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि इकाइ तथा प्रदेश बिच आपसी सहयोग र समन्वय गर्ने

ख. स्थानान्तरण गरिएको शिक्षकलाइ यथाशक्य छिटो रमाना दिइ पठाउने तथा रमाना लिइ आउने शिक्षकलाइ तोकिएको विद्यालयमा हाजिरिको लागि सहजिकरण गर्ने।

ग. स्थानान्तरण भइ जाने शिक्षकको सेवा सुविधामा पर्न जान सक्ने असरको लागि सहजिकरण गर्ने।

घ. दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धमा प्रत्येक वर्ष अद्यावधिक गर्ने । त्यसरी अद्यावधिक गर्दा दरबन्दी काटिएको कुनै विद्यालयमा मापदण्डअनुसार शिक्षक थप गर्नुपर्ने भएमा यसै कार्यविधि बमोजिम कट्टा भएको दरबन्दी स्वतः फिर्ता गर्ने व्यवस्था मिलाउने।

ङ. यस कार्यविधिको अधिनमा रही दरबन्दी कट्टा तथा थप, विद्यालय समायोजन, कक्षा समायोजन गर्ने सम्बन्धमा आवश्यक निर्णय गरि कार्यान्वयन गर्ने ।

**परिच्छेद ४**

६. **दरबन्दी मिलान, व्यवस्थापन तथा समायोजन गर्ने समयावधि**

क. गाउँपालिकाले शैक्षिक सत्रको पठनपाठन हुने समयसम्म दरबन्दि मिलानको कार्य गरिसक्नुपर्नेछ।

उपदफा क मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रकृयाको क्रममा समय लाग्ने भएमा नियमित पठनपाठनमा अवरोध नहुनेगरि शैक्षिकसत्रको प्रथम त्रैमासिक भित्र गरिसक्नुपर्नेछ ।

ख. दरबन्दी मिलानको कार्यको प्रगति दरबन्दि मिलान भएको १ महिना भित्रमा शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनु पर्ने छ ।

७. **हाजिर हुनुपर्ने**

यस कार्यविधि अनुसार स्थानान्तरण भएका शिक्षकहरु रमाना लिएको १५ दिन भित्र स्थानान्तरण भएको विद्यालयमा हाजिर हुन जानुपर्ने छ । तोकिएको समयमा हाजिर नहुने शिक्षकलाइ सम्बन्धित विद्यालयले हाजिर गराउन वाध्य हुने छैन ।

**८. हाजिर गराउनुपर्ने**

यस कार्यविधि अनुसार स्थानान्तरण भइ आएका शिक्षकहरुलाइ विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्ने छ । शिक्षकलाइ हाजिर गराउने र स्थानान्तरण भइ जाने शिक्षकलाइ रमाना दिने जिम्मेवारी सम्बन्धित प्रधानाध्यापकको हुनेछ । तोकिएको समयमा हाजिर नगराइएकोमा उक्त दरवन्दी अन्य विद्यालयमा स्थानान्तरण गरिनेछ ।

**९. सहयोग लिन सक्ने**

गाउँपालिकाले दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा आइपर्ने समस्या समाधानको लागि शिक्षा विकास तथा समन्वय इकाइ संग आवश्यक समन्वय गर्न सकिनेछ ।

**१०. समन्वय र सहजिकरण गर्ने**

दरबन्दि मिलान र शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो दरबन्दी कट्टा हुने अवस्था आएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भइ आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजिकरण गर्नु पर्नेछ । गाउँपालिका भित्र गठित नेपाल शिक्षक महासंघ तथा शिक्षकको पेसागत संघ संगठनहरुले उक्त कार्यकालागि आवश्यक समन्वय तथा सहयोग गर्नुपर्नेछ ।

**११. बाधा अड्काउ फुकाउ**

कार्यविधिअनुसार दरबन्दी मिलान, व्यवस्थापन तथा समायोजन गर्दा कुनै समस्या आइपरेमा त्यसको समाधान

गर्नको लागि गाउँ कार्यपालिकालाइ बाधा अड्काउ फुकाउने अधिकार रहनेछ।

**अनुसूचि**

**क. कक्षा १-३ संचालन भएका सामुदायिक विद्यालय**

| क्र सं | विद्यालयको नाम | वडा | टोल | कुल विद्यार्थी संख्या | मौजुदा शिक्षक सं | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | गापा | | |
| १ | श्री शिशुकल्याण प्रावि | १ | घोडाकोट | ४७ | २ | | | २ | |
| २ | श्री जनएकता प्रावि | १ | वरनेटा | ४१ | १ | | १ | २ | |
| ३ | श्री सरस्वति प्रावि | २ | गोगनपानी | १४ | | | १ | १ | |
| ४ | श्री दिपेन्द्र प्रावि | २ | धनाचौर | १० | १ | | | १ | |
| ५ | श्री विमदपुं | ३ | ओखारी | ३२ | | | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ज प्रावि | | | | | | | | |
| ६ | श्री गोपितारा प्रावि | ३ | पिपल धारा | ३५ | | | १ | १ | |
| ७ | श्री वराहक्षेत्र प्रावि | ४ | धनचौर | १६ | | | १ | १ | |
| ८ | श्री जनपृय प्रावि | ७ | चिस्पा धारा | २७ | | | १ | १ | |
| ९ | श्री नवनमुना प्रावि | ७ | दोपाटा | ४७ | | | १ | १ | |
| १० | श्री वालकल्याण प्रावि | ८ | धारा खर्क | २८ | १ | | | १ | |
| ११ | श्री नमुना प्रावि | ८ | फुलधारा | ५२ | | | १ | १ | |
| १२ | श्री जन ज्योती प्रावि | ८ | गुरासे | ३९ | | | १ | १ | |
| | जम्मा | | | | ५ | | ९ | १४ | |

**ख.कक्षा १-५ संचालन भएका सामुदायिक विद्यालय**

| क्र सं | विद्यालयको नाम | वडा | टोल | कुल विद्यार्थी संख्या | मौजुदा शिक्षक सं | | | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | गापा | | |
| १ | श्री गंगा प्रावि | १ | पंचिकोट | ४९ | २ | १ | | ३ | |
| २ | श्री कालिका प्रावि | २ | खुंग्रीकोट | १६ | ३ | | | ३ | |
| ३ | श्री राम ज्योती प्रावि | २ | खलसिंग | १७ | २ | १ | | ३ | |
| ४ | श्री सरस्वती प्रावि | ३ | खारा | ६९ | ३ | १ | | ४ | |
| ५ | श्री जिवनोद्वार प्रावि | ५ | मन्घा | ९२ | ३ | | | ३ | |
| ६ | श्री | ५ | रिझा | ७६ | ३ | | | ३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उदय प्रावि | | | | | | | | |
| ७ | श्री जनोद्वार प्रावि | ६ | गजुलकोट | २८ | ३ | | | ३ | |
| ८ | श्री सरस्वती प्रावि | ६ | पातिहाल्ना | ३४ | ३ | | | ३ | |
| ९ | श्री शिशुकल्याण प्रावि | ६ | धौलिगाउँ | १७ | ३ | | | ३ | |
| १० | श्री शिवालय प्रावि | ७ | तेवाङ | १७२ | २ | | १ | ३ | |
| ११ | श्री लिस्नेवाल प्रावि | ७ | तेवाङ | ८३ | | | २ | २ | |
| १२ | श्री जनता प्रावि | ८ | चिन्ने | १०५ | | | २ | २ | |
| | जम्मा | | | | २७ | ३ | ५ | ३५ | |

## ग.कक्षा १-८ संचालन भएका सामुदायिक विद्यालय

| क्र सं | विद्यालयको नाम | वडा | टोल | कुल विद्यार्थी संख्या | | मौजुदा शिक्षक सं | | | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | गापा | | |
| | | | | १-५ | ६-८ | | | | | |
| १ | श्री देविभक्त आवि | १ | थुम्पाकी | ११४ | ५४ | ३ | १ | २ | ६ | |
| २ | श्री हृदयश्वरी आवि | २ | हिले | ८३ | ४६ | ४ | १ | २ | ७ | |
| ३ | श्री ज्ञानोदय आवि | २ | महेन्द्री | ६० | ४१ | ३ | २ | २ | ७ | |
| ४ | श्री सरस्वती प्रावि | ४ | बाग्मा | १३५ | २६ | २ | १ | | ३ | |
| ५ | श्री जनता आवि | ४ | कोइरालखर्क | १०७ | ५३ | २ | ४ | २ | ८ | |
| ६ | श्री | ५ | क्वा | १७ | ८ | ३ | २ | २ | ७ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुर्योदय आवि | | लिगाउँ | २ | ० | | | | | |
| ७ | श्री बालवोध आवि | ५ | काभ्रा | १३० | ८१ | ३ | ० | ३ | ६ | |
| ८ | श्री जनकल्याण आवि | ६ | पानिपोखरा | ७० | १०२ | १ | २ | २ | ५ | |
| ९ | श्री लिस्ने आवि | ८ | अफले | १४७ | ४३ | २ | १ | ० | ३ | |
| | जम्मा | | | | | २३ | १४ | १५ | ५२ | |

घ.कक्षा १-१२ संचालन भएका सामुदायिक विद्यालय

| क्र सं | विद्यालय को नाम | वडा | कुल विद्यार्थी संख्या | | | प्राविमा मौजुदा शिक्षक सं | | | निमाविमा मौजुदा शिक्षक सं | | | माविमा मौजुदा शिक्षक सं | | | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १-५ | ६-८ | ९-१२ | स्थायी | करार | गापा | स्थायी | करार | गापा | स्थायी | करार | गापा | | |
| १ | श्री रामेश्वरी मावि घोडागाउँ | १ | १८५ | १८१ | २७८ | ७ | ० | ० | ४ | ० | ० | ६ | २ | ० | १९ | |
| २ | श्री | २ | १२९ | ९९ | ८१ | ४ | ० | ० | २ | १ | ० | १ | २ | ० | १ | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ज्योतिप्रकास मावि हरिगाउँ | | | | | | | | | | | | | | ० | |
| ३ | श्री त्रिपुरेश्वरी मावि खुंग्री | २ | ६९ | ८७ | २०० | ५ | ० | ० | ३ | १ | ० | २ | २ | २ | १५ | |
| ४ | श्री चन्द्रप्रभा मावि मिझिङ | ३ | १८० | १९५ | १८४ | ५ | १ | ० | ४ | ० | ० | १ | २ | २ | १५ | |
| ५ | श्री सूर्योदय मावि सुलिचौर | ४ | ३०० | ३१५ | २४८ | ६ | ४ | ० | ० | ३ | ० | ० | २ | २ | १७ | |
| ६ | श्री जनज्योति मावि गजुल | ६ | ५९ | १०३ | ३५५ | ५ | १ | ० | ४ | १ | ० | ६ | २ | ० | १९ | |
| ७ | श्री नेरामावि तेवाङ | ७ | २८५ | २४१ | ११२ | ३ | २ | ० | ० | २ | १ | ० | २ | २ | १२ | |
| ८ | श्री नेरामावि अरेस | ८ | ३९० | २५५ | २०५ | २ | ४ | ० | १ | २ | १ | ० | ३ | २ | १५ | |
| | जम्मा | | | | | ३ | १ | | १८ | १० | २ | १ | १ | १ | १ | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ७ | २ | | | | | ६ | ७ | ० | २<br>२ | |

आज्ञाले
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत